## गागन खोला, पोखरी, घरभाडा तथा गुदरी बजार ठेक्का बन्दोबस्ती सम्वन्धी सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०८१/०६/०२ गते)**

यस नगरपालिकाको क्षेत्राधिकारभित्र रहेका देहाय बमोजिमका गागन खोला, पोखरी, घरभाडा तथा गुदरी बजारहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा नै ठेक्का बन्दोबस्त गर्नुपर्ने निर्णय भएकोले निम्न खोला, पोखरी, घरभाडा तथा गुदरी बजारहरुको ठेक्का लिने इच्छुक दर्तावाला फर्म, संस्था एवं व्यक्तिहरुबाट निम्न शर्तहरुको अधिनमा रही दरभाउपत्र आह्वान गरिएको छ :-

**शर्तहरु :-**

१. दरभाउपत्र फाराम यो सुचना प्रथम पटक प्रकाशित मितिले ७ औं दिनसम्म ४:३० बजे भित्र रु. १०००।- (फिर्ता नहुने गरी) दस्तुर जम्मा गरी दर्तावाला फर्म, संस्थाले कागजातहरुको प्रतिलिपी सहितको आवेदन तथा व्यक्तिले नागरिकता प्रमाण पत्रको प्रतिलिपी सहित निवेदन दिई यस सुखीपुर न.पा.को कार्यालय बाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ।

२. खरिद भएको दरभाउपत्र प्रष्टसँग भरी प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरेर खाम बाहिर पाउने पठाउनेको नाम, ठेगना र ठेक्का लिन चाहेकोशिर्षकको नाम प्रष्टसँग लेखी ८ औं दिनको १२ बजेभित्रमा यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। दर्ता भएको दरभाउपत्र सोही दिन दिनको २ बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यसै कार्यालयमा खोलिनेछ। दरभाउपत्रदार्ता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

३. दरभाउपत्र दाताले दरभाउपत्र साथ नेपाली नागरिक भए कबोल अङ्को ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको कृषि विकास बैंक सुखीपुरमा रहेको धरौटी खाता नं. ११०४४०१४६४०४३०२३ (कोड नं. ८०१०२१६०८ ), मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट दरभाउपत्र खोलिने मितिले ९० दिनको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानत (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ।

४. समयभित्र प्राप्त नभएको, रीत नपुगेको, सुचनाको शर्त विपरित भएको दरभाउपत्र माथि कारबाही हुने छैन। केरमेट भएको खण्डमा सम्वन्धित दरभाउपत्रदाताको सहीछाप भएको हुनुपर्नेछ।

५. दरभाउपत्र भर्दा स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नुपर्नेछ। अक्षर र अंक फरक पर्न आएमा अक्षरलाई मान्यता दिइनेछ।

६. दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सुखीपुर न.पा.को कार्यालयमा दरभाउपत्र दर्ता र खोल्ने कार्य हुनेछ।

७. दरभाउपत्र खरिद वा दर्ता गर्ने दरभाउपत्र दाताले शिर्षकहरुको सम्वन्धमा राम्ररी बुझी दरभाउपत्र भरेको मानिनेछ

८.दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ।

९. दरभाउ पेश गर्ने व्यक्तिको तिन पुस्ते आधारमा नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिको दरभाउपत्र मान्य हुने छैन। ठेक्का स्वीकृत भएपनि पछि उल्लेखित विवरण जानकारी हुन आएमा ठेक्का वदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ।

सुखीपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुखीपुर, सिरहा
मधेश प्रदेश नेपाल

१०. ठेक्का स्वीकृत भएपछि स्वीकृत रकमको पचास प्रतिशत रकमपहिलो किस्तामा बुझाएपछि मात्र चलन पुर्जी दिईने छ ।

११. दरभाउपत्रदाताको अधिकतम कबोल अङ्क वराबर भएमा सोही अङ्कलाई न्युनतम कवोल अङ्क मानी ३ दिनभित्र अर्को दरभाउपत्र निजहरुबाट मात्रै आह्वान गरिनेछ ।

१२. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा नेपालको प्रचलित ऐन,कानून र नियम अनुसार हुनेछ ।

१३. यससम्वन्धी अन्य कुराहरु बुझ्नु परेमा कार्यालयमा आफैं आई वा फोन नं. ९८५२८२९१११, ९८४२८२८३७५ मा फोन गरी बुझ्न सकिनेछ ।
१४. ठेक्का सम्झौता मितिवाट देखि लागु हुने छ ।
१५. नेपाल सरकारलाई बुझाउनु पर्ने कर रकम ठेकेदारले स्वयंम बुझाउनु पर्नेछ ।

१६. ठेक्काको विवरण निम्न अनुसारको छ :-

| सि.नं. / ठेक्का नं. | ठेक्का बन्दोवस्तीको नाम सहितको विवरण | ठेगाना | न्युनतम निर्धारित रकम मु.अ.कर वाहेक | ठेक्का अवधि |
|---|---|---|---|---|
| १ | गागन खोला ( गिट्टी तथा वालुवा जम्मा परिमाण १४१५० घ.मी) | सुखीपुर नगर क्षेत्रभित्र रहेको क्षेत्र | २१२२५००। | २०८२ असार मसान्त सम्मको लागि |
| २ | साविक गा.वि.स. कविलासी ६ मा रहेको पोखरी | सुखीपुर ४ | १९००००। | ३ बर्षको लागि |
| ४ | साविक गा.वि.स. कविलासी ३ मा रहेको कित्ता नं. अर्ध १५ तुल १५ को पोखरी | सुखीपुर ४ | २९००००। | ३ बर्षको लागि |
| ५ | साविक गा.वि.स. कविलासी ३ मा रहेको कित्ता नं. १०६ को पोखरी | सुखीपुर ४ | १८०००। | ३ बर्षको लागि |
| ७ | साविक गा.वि.स. मोहनपुर कमलपुर ९ मा रहेको हरि नारायण चौधरी घर छेउको पोखरी | सुखीपुर १ | ५००००। | ३ बर्षको लागि |
| १० | साविक गा.वि.स. मोहनपुर कमलपुर १ मधपुर पोखरी | सुखीपुर ९ | १५००००। | ३ बर्षको लागि |
| १२ | साविक गा.वि.स. कुशहा लक्ष्मिनिया बिशो यादव घर छेउको पोखरी | सुखीपुर ३ | ३००००। | ३ बर्षको लागि |
| १३ | श्रीदेव यादव घर छेउको पोखरी | सुखीपुर १० | ४००००। | ३ बर्षको लागि |
| १५ | साविक गा.वि.स. बल्ही हाल सुखीपुर ७ को डिहवार थान पोखरी | सुखीपर ७ | २१०००। | ३ बर्षको लागि |
| १६ | साविक गा.वि.स. बल्ही हाल सुखीपुर ७ को ०-२-१० क्षेत्रफल रहेको पोखरी | सुखीपुर ७ | ८५००। | ३ बर्षको लागि |

सुखीपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुखीपुर, सिरहा
मधेश प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| १९ | साविक गा.वि.स. सिलोर्वापछवारी हाल सुखीपुर ५ को मखना खत्ता पोखरी | सुखीपुर ५ | ४००००। | ३ बर्षको लागि |
| २० | बभना पोखरी कविलासी | सुखीपुर ४ | ९५०००। | ३ बर्षको लागि |
| २१ | बभना पोखरी चन्द्रपट्टी | सुखीपुर २ | १००००। | ३ बर्षको लागि |
| २३ | निक्ठा पोखरी | सुखीपुर २ | ८५०००। | ३ बर्षको लागि |
| २६ | हनुमाननगर जयभुवन घर छेउको पोखरी | सुखीपुर ५ | ९१५०००। | ३ बर्षको लागि |
| २७ | डोमा घर नजिकको मैटखुनमा | सुखीपुर ५ | ५०००। | ३ बर्षको लागि |
| २९ | साविक गा.वि.स. सिलोर्वा पछवारी ७ कित्ता नं. ७० को पोखरी | सुखीपुर ५ | ३२५०००। | ३ बर्षको लागि |
| ३५ | वलही नया भवनको कोठा नं. ६ | सुखीपुर ७ | १०००। | मासिक |
| ३६ | छजना गुदरी वजार | सुखीपुर २ | ४००००। | १ बर्षको लागि |